जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १२ २०७९ साल साउन १४ गते शनिबार (30 July 2022 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'सदनमै सङ्घीयता विरोधी आवाज... ३ पृष्ठमा : भेटिएन प्रमाण... ३ पृष्ठमा : इन्डोनेसियामा कोरोनाविरुद्ध...

# एक वर्षको अवधीमा १ सय ४ वटा आत्महत्याका घटना




**दैनिक समाचारदाता**
**राजविराज, १३ साउन ।**

सप्तरीमा आत्महत्याको डर लाग्दो तथ्याङ्क सार्वजनिक भएको छ । यस जिल्लामा एक वर्षको अवधीमा १ सय ४ वटा आत्महत्याका घटना भएका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीले शुक्रबार गरेको पत्रकार सम्मेलनमा सो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

आयोजित पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक अविनारायण काफ्लेले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै सोही अवधीमा जिल्लामा विभिन्न अपराधका ८ सय ३० घटना दर्ता भएको जानकारी दिए ।

उनले अभद्र व्यवहारका सर्वाधिक १ सय ६२ मुद्दा दर्ता भएको जानकारी दिँदै भवितब्य ज्यानका १ सय ७ र लागुऔषधका १ सय ५ वटा मुद्दा दर्ता भएको उल्लेख गरे ।

यस्तै ज्यान मार्ने उद्योगका ३८, सवारी ज्यानका ६९, चोरीका ५१, कर्तव्य ज्यानका १४ र जबरजस्तीकरणीका २५ वटा घटना प्रहरीमा दर्ता भएका छन् । आर्थिक वर्ष २०७८/७९ मा यसरी दर्ता भएका घटना मध्येका फरार अपराधीको संख्या भने ४ सय १७ रहेको प्रहरीद्वारा उपलब्ध गराइएको वार्षिक प्रतिवेदनले देखाएको छ । फरार रहेकाहरुको खोजि कार्य तिब्र बनाइएको प्रहरीले जनाएको छ ।

सोही पत्रकार सम्मेलनमा फरार अभियुक्तमाथी कडा निगरानी र अनुसन्धान बढाएसँगै विभिन्न जघन्य अपराधका अभियुक्त पक्राउ पर्ने क्रम बढेको बताउँदै प्रहरी उपरिक्षक काफ्लेले सप्तरी प्रहरीले आर्थिक वर्ष २०७८/७९ मा ४ सय ४ जना फरार अभियुक्तलाई पक्राउ गरेको तथ्याङ्क सार्वजनिक गरे ।

ठूल्ठूला अपराध गरेर भाग्ने र लुकिछिपी बसेको अवस्थामा नेपाल प्रहरीले सुराकी र अनुसन्धानको आधारमा उनीहरुलाई पक्राउ गर्न सफल भएको उनले बताए । उनका अनुसार विगतमा ठूल्ठूला अपराध गरि विभिन्न ठाउँमा लुकेर बसेको अभियुक्त माथी प्रहरीले अपरेशन बढाएको छ ।

फरार अभियुक्त पक्राउ गरि फैसला कार्यान्वयन गर्दा प्रहरीले राजश्व समेत बढाएको छ । आर्थिक वर्ष २०७८/७९ मा फरार अभियुक्तको जरिवानाबाट १० लाख ८९ हजार १ सय २६ रुँपैया राजश्व संकलन गरेको छ । यस्तै उनीहरुबाट १ सय ३ वर्ष ८ महिना २६ दिन कैद सजाय असुल भएको छ ।

यस्तै प्रहरीले शुक्रबार नै राजविराजस्थित भगवती मन्दिर नजिकैबाट कर्तव्य ज्यानका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

यसअवधीमा लागु औषध मुद्दामा १ सय ४१ जना पक्राउ परेका छन् । यसले लागु औषधका दुर्व्यसनी र कारोवारीको संख्यामा बृद्धि भएको तथ्याङ्कले देखाएको छ ।

यस्तै डिएसपी माधवप्रसाद काफ्लेले यस अवधीमा एक भारतीय नागरिकसहित तीनजनालाई पक्राउ गरि श्रोत नखुलेको १७ लाख १८ हजार रुँपैया जफत गरि भन्सार कार्यालयमा बुझाइएको जानकारी दिए ।

भन्सार छलि अवैध रुपमा भित्राइएको २ करोड ७१ लाख ३४ हजार ८९ रुँपैयाको विभिन्न अवैध मालसामानसहित ४० जना कारोवारीलाई पक्राउ गरि भन्सार कार्यालयमा बुझाइएको तथ्याङ्कले देखाएको छ ।

जनशक्तिको अभावको बाबजुद शान्तिसुरक्षाका लागि भएको श्रोतसाधनको उच्चत्तम परिचालन गरि अपराध नियन्त्रणमा खटेको उल्लेख गर्दै वार्षिक प्रतिवेदनमा अपराध मुक्त र सुरक्षित समाज निर्माणका लागि आर्थिक वर्ष २०७८/७९ मा महिला हिंसा सम्बन्धी १४, लागुऔषध सम्बन्धी २४, लौङ्गिक हिंसा सम्बन्धी २२, सरसफाई सम्बन्धी ४४, कोरोना बिरुद्धको ६५, जातिय छुवाछुत बिरुद्धका एक, ट्राफिक नियम पालनाका १५ र साइबर क्राइमका २ लगायतका गरि ६ सय २५ वटा सचेतना कार्यक्रम गरिएको र यसबाट ४ लाख ३३ हजार १ सय ४२ जना लाभान्वित भएको वार्षिक प्रतिवेदनमार्फत जनाइएको छ ।

# कर्मचारी नहटाउन माग

काठमाडौँ, १३ साउन (रासस) ।

नेकपा (एमाले) ले नयाँ आर्थिक वर्षको थालनीसँगै सङ्घ, प्रदेश र स्थानीय सरकारले अस्थायी, ज्यालादारी र करारमा कार्यरत कर्मचारीलाई बर्खास्त गर्न थालेको भन्दै कर्मचारी नहटाउन माग गरेको छ ।

एमालेको सङ्घीय मामिला तथा सामान्य प्रशासन विभागका प्रमुख किरण गुरुङले शुक्रबार विज्ञप्ति जारी गरी सो माग गर्नुभएको हो ।

सो विज्ञप्तिमा निश्चित विधि र प्रक्रियाबाट नियुक्ति तथा अवकाश पाउने कर्मचारीलाई नियमितरुपमा काममा लगाउन र उनीहरुको पेशागत सुरक्षा सुनिश्चित गर्न माग गरिएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १४ वर्ष देखी संचालन हुदै आएको**

## ओभरसियरी क्यामपस

**( CTEVT बाट मान्यता प्राप्त )**

## डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : **S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य–गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।**

**फारम भर्ने अन्तिम मिति** : **२०७९ श्रावण २६ गते सम्म ।**

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ्ग कलेज**

रुपनी रोड, राजविराज–८ (सप्तरी)

**फोन नं.–०३१–५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४**

## जगगा बिक्रिमा

राजविराज वडा नं. ७ खर्साल टोल (पुरानो सिडिओ अफिस नजिक रहेको नाला छेउ) मा एकतल्ले घर भएको १४ धुर जगगा बिक्रिमा रहेकोले खरीद गर्न चाहने महानुभावले निम्न मोबाइल नं. मा सम्पर्क गर्नुहोला ।

**मोवाइल नं.** ९८०५९२२९०९, ९८१९९५१४०२

जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योति कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय ....

# भइरहेको मौसम परिवर्तनप्रति सचेत रहौं

अहिले दिनैपिच्छै मौसम परिवर्तन भइरहेकोले यसप्रति सबै सचेत हुनु आवश्यक छ । केही बेरमै पानी त केही बेरमै चर्को घाम लाग्ने गरेकोले मानिसहरु बिरामी पर्दैछन् । यसरी मौसम परिवर्तनसँगै मानिसको स्वास्थ्यमा प्रभाव पर्दा बिभिन्न किसिमका रोगहरु लाग्ने गर्दछ । जस्तै झाडापखाला, ज्वरो, रुघाखोकी, शरीर दुख्ने जस्ता रोगहरु लागिरहेको छ । व्यक्तिहरुले यसतर्फ ध्यान नदिंदा यस किसिमका सामान्य रोगले उग्र रुप लिएर जटिल समस्या निम्त्याउँछ । जसले गर्दा आर्थिक भार मात्र खेप्नुपर्दैन व्यक्तिहरुको ज्यान समेत जान सक्ने भएकाले मौसम परिवर्तन भइरहेको समयमा चनाखो हुनु जरुरी छ ।

मुख्यगरी गर्मी, बर्षा र जाडोको मौसमकाबीच मानवसहितका सजिव प्राणीहरु जीवनयापन गर्ने गर्छन् । गर्मीबाट बर्षाको मौसम आउँदा बढी मात्रामा झाडापखालाको प्रकोप देखापर्छ । बर्षापछि आएको गर्मी परिवर्तन भएर जाडो आउन थालेपछि रुघाखोकी, ज्वरोसहितका सामान्य लक्ष्णहरु व्यक्तिमा देखापर्छन् । यस्ता सामान्य बिमारीहरुको समयमै ध्यान नदिइए निमोनिया, कोल्ड डायरिया सहितका ठूला रोगहरु लाग्न सक्छन् । यो रोगहरु बालबालिका र बृद्धबृद्धामा बढी लाग्छ ।

खासगरी मानिसहरुले शरीर तथा घर आँगनको सरसफाईमा बढी ध्यान दिनुपर्छ । बालबालिका तथा बृद्धबृद्धालाई जाडोको समयमा न्यानो कपडा तथा तातो झोल पदार्थ प्रशस्त मात्रामा खानुपर्छ । यसबाहके ताजा खाना मात्र खानुपर्छ र उमालेको पानी पिउनेतर्फ ध्यान दिनु जरुरी छ । अहिले पुनः कोरोना महामारीको त्रास बढ्दै जाँदा यसरी बिरामी हुनुमा अर्कै डरत्रास उत्पन्न हुने गरेको छ । तसर्थ मौसम परिवर्तन भइरहेको समयमा मानिसहरुले बढी भन्दा बढी स्वास्थ्यप्रति बढी पुऱ्याउनु आवश्यक छ ।

# ‘सदनमै सङ्घीयता विरोधी आवाज उठ्यो, त्यसलाई प्रतिबन्ध लगाऔँ’

काठमाडौँ, १३ साउन (रासस) ।

सिङ्गो मुलुक सङ्घीयतालाई सबल र सुदृढ बनाउँदै अगाडि बढिरहेको अवस्थामा संसद्मै सङ्घीयता विरोधी अभिव्यक्ति आउन थालेको भन्दै त्यसलाई प्रतिबन्ध लगाउनुपर्ने आवाज उठेको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको विशेष समयमा सांसद प्रमोद साहले जनताको बलिदानबाट प्राप्त सङ्घीयतालाई कमजोर बनाउने अभिव्यक्ति दिने छुट कसैलाई पनि नभएको बताउनुभयो ।

“सङ्घीयता त्यत्तिकै आएको होइन, उत्पीडनमा रहेका जनताको त्याग र बलिदानबाट आएको सङ्घीयतालाई कसैले कमजोर बनाउन सोचेको छ भने त्यो दिवा स्वप्न मात्र हो”, उहाँले भन्नुभयो, “संसद्मै केही पार्टीका नेताले सङ्घीयता विरोधी अभिव्यक्ति दिएका छन्, म त्यसप्रति खेद प्रकट गर्दछु, सङ्घीयतालाई कमजोर बनाउने विषय संसद्मा उठ्छ भने त्यसलाई प्रतिबन्ध लगाउनुपर्छ ।” उहाँले त्यस्ता आवाजलाई कुण्ठित गराउन सभामुखमार्फत रुलिङ गर्न माग गर्नुभयो ।

मुलुक सङ्घीयतामा गएकै कारण राज्यका निकायमा महिला, दलित, जनजाति, उत्पीडित तथा उपेक्षित वर्गको प्रतिनिधित्व बढेको भन्दै उहाँले सङ्घीयतालाई बलियो बनाउन सबैको ध्यान केन्द्रित हुनुपर्ने बताउनुभयो । प्रतिपक्षी दलका केही नेताले संसद्मै सङ्घीयता विरोधी आवाज उठाउन थालेको भन्दै उहाँले उत्पीडित जनता आफैँले सङ्घीयताको रक्षार्थ कुनै कसर बाँकी नराख्ने बताउनुभयो ।

सांसद लालबाबु पण्डितले मुलुककै जेठो त्रिभुवन विश्वविद्यालयभित्र देखिएको बेथितिको अन्त्य गर्न माग गर्दै सत्तारुढ दल निकट विद्यार्थी सङ्गठनबाट पटकपटक तालाबन्दी भइरहेकामा आश्चार्य व्यक्त गर्नुभयो । मुलुक सङ्घीयतामा गएको लामो समय भइसक्दा पनि कर्मचारी समायोजनको काम नसकिँदा सेवा प्रवाहमा समस्या भएको उल्लेख गर्दै उहाँले तत्काल सङ्घीय निजामती ऐन ल्याउन माग गर्नुभयो ।

संविधानले तीन तहको सङ्घीय संरचनाको व्यवस्था गरे पनि प्रशासनिक सङ्घीयता कार्यान्वयन नहुँदा सङ्घीयतामाथि नै प्रश्न उठेको उहाँले बताउनुभयो ।

सांसद उमाशङ्कर अरगरियाले समयमै मल, बीउ, खाद र सिँचाइको व्यवस्था गराउन किसानले माग गर्दै आए पनि किसानका समस्या समाधान गर्न सरकारको ध्यान अझै नपुगको बताउनुभयो । “देशभर किसानको बेहाल छ”, उहाँले भन्नुभयो, “किसानका नाममा राजनीति भइरहेको छ, तर किसानको समस्या अझै सामाधान भएको छैन ।”

सांसद सुरेशकुमार राईले उदयपुरको घुर्मी र सुनसरीको चतरा जोड्ने सडकको निर्माण छिटो सम्पन्न गर्न आग्रह गर्नुभयो । सांसद प्रकाश स्नेही रसाइलीले दैलेखको गुराँस गाउँपालिकामा करारका कर्मचारी हटाउँदा भएको गोली प्रहारको घटनाको सत्यतत्थ्य छानविन गर्न माग गर्नुभयो ।

सांसद प्रेम सुवालले दैनिक उपभोग्य तथा अत्यावश्यक वस्तु सरकारी स्वामित्वमा उत्पादन र वितरण नगरी मुलुक आत्मनिर्भर हुन नसक्ने उल्लेख गर्दै बन्द भएका औषधि, कपडा उद्योग तत्काल सञ्चालन गरिनुपर्ने बताउनुभयो ।

सांसद डा शिवमाया तुम्बाहाम्फेले आफ्ना अनुयायीलाई बलात्कारको आरोप लागेका कृष्ण गिरीले पशुपति क्षेत्रमा सञ्चालन गरेको धार्मिक कार्यक्रममा सरकारका उच्चपदस्थ व्यक्तिको सहभागिता देखिएको भन्दै यसबाट पीडित पक्ष झन् प्रताडित भएको बताउनुभयो । “बलात्कार आरोपीलाई गुरु मानेर हिँड्ने सरकारका मन्त्री र महान्यायाधिवक्ताको कामप्रति एमालेको आपत्ति छ, यसले पीडितलाई झन् पीडा थपेको छ”, उहाँले भन्नुभयो ।

सांसद लालबहादुर थापाले गत असार २३ गते बूढीगङ्गा नगरपालिकाको पुनःनिर्वाचनमा जनताले नेकपा (एमाले) लाई विजयी गराएको जनाउँदै लोकतन्त्रमा नागरिक नै सबैभन्दा शक्तिशाली हुने प्रमाणित भएको बताउनुभयो ।

सांसद जिपछिरिङ लामाले केही दिनदेखिको वर्षाले गर्दा धेरै सडक क्षतिग्रस्त भएको र विभिन्न ठाउँमा बस्ती विस्थापित हुने अवस्था रहेको भए पनि अहिलेसम्म क्षतिग्रस्त सडकको पुनःनिर्माण र असुरक्षित बस्तीको व्यवस्थापन हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, “यहाँ हामी बोल्ने तर सरकार नसुन्ने हुनु हुँदैन ।” सांसद गजेन्द्रबहादुर महतले केही समय पहिले सिसिटिभी फुटेज तथा एम अधिकारीका बारेमा सदनमा आवाज उठेको र सिसिटिभी फुजेट खोज्न समिति बने पनि एम अधिकारी खोजी नभएको बताउनुभयो ।

सांसद समिना हुसेनले खेती लगाउने समयमा मलखाद र सिँचाइको अभावले किसान मर्कामा परेको जनाउँदै किसानका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । “किसानले छोराछोरीलाई शिक्षा दिन तथा समाजिक व्यवहार सञ्चालन गर्न लिएको ऋण तिर्न नसकेको त्यस्तो ऋण मिनाहा हुनुपर्छ”, उहाँले भन्नुभयो । मधेस प्रदेशमा दाइजोका कारण महिलामाथि हिंसा हुने गरेको भन्दै उहाँले महिला हिंसाका घटना न्यूनीकरण गर्न सरकार गम्भीर बन्नुपर्ने बताउनुभयो ।

सांसद राजेन्द्रकुमार केसीले गत आवमा पुँजीगत खर्च ५७ प्रतिशत मात्रै भएकाले कहाँ कमजोरी भएर सरकारको ढुकुटीबाट खर्च गर्न नसकिएको हो भनी खोज्नुपर्ने बताउनुभयो । नागढुङ्गा सुरुङमार्ग निर्माण हुनु खुसीको विषय भए पनि पहुँचमार्ग बनाउँदा गोरेटो, घोरेटो सबै विस्थापित भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “त्यहाँका स्थानीयवासीलाई आवतजावतमा समस्या भएकाले परम्परागत बाटो चालु गर्नुपर्छ ।”

सांसद चाँदतारा कुमारीले सिङ्गापुर र बेलायत सेनामा रहेका व्यक्ति तथा उनीहरुका परिवारमाथि भएको विभेदका बारेमा सरकारले चासो लिएर समाधानमा लाग्नुपर्नेमा जोड दिनुभयो । एसपिपीको गाँठो फुकाउन प्रतिनिधि नेपाल आएकाले सरकार र ठूला नेता गम्भीर हुनुपर्ने उहाँको भनाइ छ ।

सांसद यज्ञबहादुर बोगटीले वर्षाका कारण अछाममा घर पुरिएर एकै परिवारका तीन जनाको मृत्यु भएकाले त्यो परिवारलाई क्षतिपूर्ति र घाइतेलाई औषधिको व्यवस्था गर्न सरकारसमक्ष माग गर्नुभयो । उहाँले विसं २०६५ मा पुनःनिर्माण सुरु भएको अछामको ऐतिहासिक दरबार अझै बन्न नसकेकाले निर्माण व्यवसीलाई कारवाहीको माग गर्नुभयो ।

सांसद मोहन बानियाँले एसपिपीको पास हुँदैछ भन्ने कुरा आएकाले सजग हुनुपर्ने बताउनुभयो । नागरिकता विधेयकमा ३३/३४ संशोधन हुँदाहुँदै र विरोधका बीच पास भएकाले भोलि पर्नसक्ने प्रभाव सरकारले बुझ्नुपर्ने उहाँको धारणा छ ।

सांसद देवप्रसाद तिमलसेनाले कृषिप्रधान देश भए पनि किसानले समयमा मलखाद नपाएको उल्लेख गर्नुभयो । तराईमा अझै पनि खडेरी लागेकाले रोपाइँ हुन नसकेकाले किसानप्रति उत्तरदायी भएर सुक्खा क्षेत्र घोषणा गरेर राहत दिनुपर्नेमा जोड दिनुभयो ।

# बाघको संख्या ३ सय ५५

काठमाडौँ, १३ साउन (रासस) ।

पछिल्लो समय बाघको संख्या वृद्धि भएर ३५५ पुगेको छ । शुक्रबार यहाँ विश्व बाघ दिवस २०२२ को अवसरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा आयोजित पत्रकार सम्मेलनमा सो जानकारी दिइएको हो ।

राष्ट्रिय बाघ तथा आहार प्रजाति सर्वेक्षण प्रतिवेदन २०२२ का अनुसार बाघको सङ्ख्यामा चार वर्षमा ५१ प्रतिशत बृद्धि भएको सो अवसरमा जानकारी दिइयो । हाल नेपालमा ३ सय ५५ वयश्क बाघ रहेको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार पर्सा राष्ट्रिय निकुञ्ज तथा वरपरको वन क्षेत्रमा ४१, चितवन राष्ट्रिय निकुञ्ज तथा वरपरको वन क्षेत्रमा १२८, बाँके राष्ट्रि निकुञ्ज र वरपरको वन क्षेत्रमा २५, बर्दिया राष्ट्रिय निकुञ्ज र वरपरको क्षेत्रमा १२५ र शुक्लाफाँटा लालझाडी जोगबुढाक्षेत्रमा ३६ गरी जम्मा ३५५ बाघ रहेको उल्लेख गरीएको छ ।

बाघको संख्या एकिन गर्न तराई आर्क ल्याण्डस्केप अन्तर्गतका १५ जिल्लामा अकुपेन्सी सर्वेक्षण गरिएको वन तथा वातावरण मन्त्रालयका सचिव डा पेमनारायण कँडेलद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

बाघको संख्या एकिन गर्न बाघको बसोबास रहेको क्षेत्र चितवन, पर्सा, बाँके बर्दिया र शुक्लाफाँटा लालझाडी जोगबुढा तीन क्षेत्र विभाजन गरी क्यामेरा ट्रयाप विधी प्रयोग गरी सर्वेक्षण गरीएको थियो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भेटिएन प्रमाण

काठमाडौं, १३ साउन (रासस) ।

चालु आवको बजेट निर्माणमा अनधिकृत व्यक्तिको संलग्नतामा करका दर हेरफेर गरिएको भन्ने विषयमा छानविन गर्न बनेको संसदीय छानविन विशेष समितिले करको दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको नदेखिएको निष्कर्षसहितको प्रतिवेदन पेश गरेको छ ।

प्रतिनिधिसभाको शुक्रबार बसेको बैठकमा समितिका सभापति लक्ष्मणलाल कर्णले सो प्रतिवेदन पेश गर्नुभएको थियो । प्रतिवेदनमा अर्थ मन्त्रालयका पदाधिकारीसँग गरिएको छलफल, मन्त्रालयबाट प्राप्त जवाफ र कागजात तथा सिसिटिभी फुटेजको अध्ययन गर्दा करको दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको नदेखिएको उल्लेख छ ।

"करको दर निर्धारणमा अनधिकृत व्यक्ति प्रवेश गरेको नदेखिएपछि करको दर हेरफेरमा अनधिकृत व्यक्तिको प्रभावको प्रसङ्ग सान्दर्भिक रहेन, करका दरले अर्थतन्त्रमा पारेको प्रभावको नियमित अध्ययन, संसद्को विषयगत समितिले नै गर्ने हुँदा त्यसतर्फ यस समितिले थप केही गर्नुपर्ने देखिएन", प्रतिवेदनको निष्कर्ष छ ।

समितिले बजेट तर्जुमाको कार्यमा संलग्न पदाधिकारी र कर्मचारीको जिम्मेवारीसम्बन्धी विधिमा उल्लेखित राजस्वका दर परिवर्तन, खारेजी तथा नयाँ प्रस्ताव गरी आर्थिक विधेयकलाई अन्तिमरुप दिने छलफलमा अर्थमन्त्री, राज्यमन्त्री, अर्थसचिव, राजस्व व्यवस्थापन महाशाखाका प्रमुख, भन्सार विभाग तथा आन्तरिक राजस्व विभागका महानिर्देशक र राजस्व व्यवस्थापन महाशाखाका भन्सार र आन्तरिक राजस्व हेर्ने उपसचिवबाहेक अन्य कुनै पनि पदाधिकारीलाई संलग्न नगराउन सरकारलाई सुझाव दिएको छ ।

समितिले सिसिटिभी जडान तथा सञ्चालन निर्देशिका, २०७२ लाई अर्थ मन्त्रालय र निर्देशिका जारी गर्ने गृह मन्त्रालयसमेतले पूर्णरुपमा पालना नगरेको देखिएकाले सिसिटिभी जडान गर्ने सम्पूर्ण सरकारी निकायले अनिवार्यरुपमा उक्त निर्देशिका पालना गर्नुपर्ने सुझाव दिएको छ । सिंहदरबार परिसरभित्र प्रवेश गर्ने र बाहिर निस्कने व्यक्तिको व्यवस्थित अभिलेख राख्ने पद्धतिको विकास, सबै निकायमा सिसिटिभी प्रणाली व्यवस्थित र सिंहदरबार परिसरको समग्र सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न छुट्टै अध्ययन गर्नुपर्ने समितिको सुझाव छ ।

समितिको निर्णयलाई सर्वसम्मत बनाउने प्रयास भए पनि कतिपय विषयमा सर्वसम्मत हुन नसकेकाले ती विषयलाई फरक मतका रुपमा प्रतिवेदनमा समावेश गरिएको समितिका सभापति कर्णले जानकारी दिनुभयो । समितिका सदस्य खगराज अधिकारी, प्रदीपकुमार ज्ञवाली, विमला विक र भानुभक्त ढकालले प्रतिवेदनमा फरक मत राख्नुभएको छ । उहाँहरुले सो सम्बन्धमा स्पष्ट कार्यादेशसहितको संयन्त्र बनाएर थप छानविन गर्नुपर्ने र छानविनका क्रममा दोषी ठहर भएकालाई कानूनबमोजिम कारबाही गर्नु आवश्यक रहेको राय प्रस्तुत गर्नुभएको छ ।

समितिले पूर्वअर्थमन्त्री जनार्दन शर्मा, अर्थसचिव मधुकुमार मरासिनी, राजस्व सचिव कृष्णहरि पुस्कर, भन्सार विभागका महानिर्देशक कमलप्रसाद भट्टराई, आन्तरिक राजस्व विभागका महानिर्देशक रितेशकुमार शाक्य, अर्थ मन्त्रालयका राजस्व महाशाखाका प्रमुख भुपाल बराल, मन्त्रालयका सहसचिव चक्रबहादुर बुढा र केदारनाथ शर्मालगायत कर्मचारी तथा अन्नपूर्ण पोष्टका पत्रकार ममता थापा र सुरेन्द्र काफ्लेसँग छलफल गरेको थियो ।

आर्थिक विधेयक, २०७९ मा करका दर हेरफेर गर्ने सन्दर्भमा अनधिकृत व्यक्ति प्रवेश गरेका विषयमा सत्यतथ्य छानविन गरी सुझावसहितको प्रतिवेदन पेश गर्न गत असार २२ गते प्रतिनिधिसभा बैठकले प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १७७ बमोजिम छानविन समिति गठन गरेको थियो । समितिलाई १० दिनभित्र काम सम्पन्न गर्न निर्देशन दिइएको थियो । समितिको पहिलो बैठक गत असार २८ गते बसेको थियो ।

छानविनका लागि सूचना, तथ्याङ्क र प्रमाण सङ्कलन गर्नसक्ने जिम्मेवार पक्ष र सरोकारवाला पक्षसँग छलफल गर्न सक्ने कार्यविधिअनुसार समितिले अर्थ मन्त्रालयबाट बजेट निर्माण प्रक्रियासँग सम्बन्धित कागजात र गत जेठ १४ र १५ गतेको सिसिटिभी फुटेज मगाएर अनुसन्धान सुरु गरेको थियो । अर्थमन्त्रालयबाट माग गरिएको सिसिटिभी फुटेज प्राप्त नभएपछि सिसिटिभी प्रणाली नै मगाएर अध्ययन गर्ने निर्णयअनुसार समितिले अर्थमन्त्रालयबाट एनभिआर सिस्टम नै लगेको थियो ।

त्यसबाटसमेत समितिले खोजी गरेको मितिको फुटेज नभेटिएपछि प्राविधिक विज्ञसँगको छलफलका आधारमा नेपाल प्रहरीको डिजिटल फरेन्सिक ल्याबमा सिसिटिभी फुटेज रिकभर गर्न सो एनभिआर सिस्टम र हार्ड डिस्क पठाइएको थियो । समितिमा खगराज अधिकारी, देवप्रसाद गुरुङ, प्रदीपकुमार ज्ञवाली, विमला विक, भानुभक्त ढकाल, मानबहादुर विश्वकर्मा, शक्तिबहादुर बस्नेत, सरलाकुमारी यादव, सीताराम महतो र सुरेन्द्रकुमार यादव सदस्य रहनुभएको थियो ।

# तत्काल समाजवादी केन्द्र बन्दैन: अध्यक्ष दाहाल

काठमाडौं, १३ साउन (रासस) ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तत्काल समाजवादी केन्द्र नबन्ने बताउनुभएको छ । राजधानीमा शुक्रबारदेखि शुरु भएको प्रेस सेन्टर नेपालको केन्द्रीय समितिको दोस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै उहाँले आसन्न निर्वाचनमा परिवर्तन पक्षधर वामपन्थीको मोर्चा बनाउन खोजिएको प्रष्ट्याउनुभयो ।

"तत्काल समाजवादी केन्द्र बन्दैन, निर्वाचनका लागि वामपन्थीको मोर्चा बनाउन खोजिएको हो", उहाँले भन्नुभयो, "त्यसमा छलफल जारी छ, निष्कर्ष निस्केको छैन ।" वर्तमान सत्ता गठबन्धनमा रहेको वामपन्थी शक्तिहरु आगामी निर्वाचनमा मोर्चा बनाएर जान लागेका छन् । त्यसका लागि नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टीलगायत दल आन्तरिक छलफलमा जुटेका छन् ।

अध्यक्ष दाहालले नेपाली राजनीतिको मूलधार माओवादी आन्दोलन भएको भन्दै जनताको असली पार्टी माओवादी भए पनि यो विषयलाई स्थापित गर्न नसकिएको बताउनुभयो । माओवादी पार्टीको दबाबमा 'स्टेट पार्टनसीप प्रोग्राम' (एसपिपी)लाई नेपाल सरकारले अस्वीकार गरेको जनाउँदै उहाँले विगतमा एसपिपीमा सहभागी हुनुपर्छ भनेर लागि परेको पार्टी र नेता अहिले बढी राष्ट्रवादी देखिन खोजेको बताउनुभयो ।

निर्वाचनसम्म वर्तमान गठबन्धनलाई कायमै बनाएर लैजाने प्रतिबद्धता व्यक्त गर्दै उहाँले आगामी निर्वाचनसम्म र आवश्यकता रहँदासम्म गठबन्धन कायम रहने बताउनुभयो । "परिवर्तनका एजेन्डा उल्ट्याउने प्रवृत्ति अहिले पनि जारी छ । त्यसकारण पनि गठबन्धन आवश्यक छ", उहाँले भन्नुभयो । इतिहासकै राम्रो बजेट ल्याएको पूर्वअर्थमन्त्रीका बारेमा प्रतिपक्षी दलले अनावश्यक कुप्रचार गरेको उहाँले बताउनुभयो । "छानबिन समितिले प्रतिवेदन बुझाएको छ, पूर्वअर्थमन्त्री निर्दोष सावित हुनुभयो । यसले पनि पुष्टि गरेको छ", अध्यक्ष दाहालले भन्नुभयो ।

# ९० लाख मुल्यको सामान वरामद

वीरगञ्ज, १३ साउन (रासस) ।


पर्साको वीरगञ्जबाट रु ९० लाख बराबरको विभिन्न मालसामान बोकेको एउटा ट्रकलाई सशस्त्र प्रहरीको टोलीले कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको छ ।

बिल बिजकभन्दा फरक भएको विद्युतीय सामान, औषधिलगायतका सामान बोकेको ना ६ ख ९९०५ नम्बरको ट्रकलाई कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको पर्साका सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेलले जानकारी दिनुभयो ।

विषेश सूचनाको आधारमा वीरगञ्ज महानगरपालिका-१४ स्थित गण्डक चोकबाट नियन्त्रणमा लिएर ट्रक र मालसमानको रु ९० लाख ७५ हजार ४१६ बराबरको मुल्याङ्कन गरी कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाएको हो ।

डा. आदर्श कुमार सिंह

Dr. Adarsh Kumar Singh



MBBS, MD TU

NMC Reg. No. : 9413

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

### इन्डोनेसियामा कोरोनाविरुद्ध चौथो मात्रा खोप लगाउन सुरु

जाकार्ता, १३ साउन (रासस/सिन्ह्वा) ।

इन्डोनेसियामा शुक्रबारदेखि कोरोना भाइरसविरुद्ध चौथो मात्रा खोप लगाउन सुरु गरिएको छ । पहिलो चरणमा स्वास्थ्यकर्मीहरूलाई चौथो मात्राको खोप लगाउन थालिएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् ।

स्वास्थ्यकर्मीहरूलाई लगाएपछि अरूलाई लगाउने गरी तयारी भइरहेको पनि उनीहरूले बताएका छन् । स्वास्थ्य मन्त्रालयले बिहीबार जारी गरेको वक्तव्यमा सुरुमा १९ लाख स्वास्थ्यकर्मीहरूलाई खोप लगाइने उल्लेख गरिएको छ । छिल्लो समय इन्डोनेसियाका कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएकाले चौथो मात्राको खोप लगाउनुपरेको मन्त्रालयको भनाइ छ ।

सङ्क्रमितहरू बढेपछि स्वास्थ्यकर्मीहरू उच्च जोखिममा रहेकाले सुरुमा उनीहरूलाई खोप लगाइने भएको अधिकारीहरूले जनाएका छन् । बिहीबार सार्वजनिक गरिएको विवरणानुसार पछिल्लो एक दिनमा इन्डोनेसियामा छ हजार ३५३ जना कोरोना भाइरसबाट नयाँ सङ्क्रमित भएका छन् भने अरु १७ जनाको मृत्यु भएको छ ।

### सेनाको विमान दुर्घटनामा दुईको मृत्यु

नयाँदिल्ली, १३ साउन (रासस/सिन्ह्वा) ।

भारतको पश्चिमी राज्य राजस्थानमा प्रशिक्षण उडानको क्रममा दुर्घटना ग्रस्त भएको भारतीय वायुसेना (आइएएफ)का दुई विमान चालकको मृत्यु भएको छ । मि-२१ जेट उडानको क्रममा दुर्घटना भएको अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन् ।

प्रशिक्षण उडानमा रहेको विमान राजस्थानको राजधानी जयपुरबाट करिब पाँच सय ३२ किलोमिटर पश्चिममा रहेको बारमेर जिल्लामा बिहीबार ढिलो दुर्घटनामा परेको थियो ।

भारतीय वायु सेनाले यस दुर्घटनामा ज्यान गुमाएकाहरूप्रति गहिरो दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारहरूसँग दृढतापूर्वक खडा रहेको जानकारी दिएको छ । एक अदालतको जाँचको आदेश दिइएको पनि वायु सेनाका अधिकारीहरूले जानकारी दिएका छन् ।

### एक दिनमा बीस हजारभन्दा बढीमा कोरोना सङ्क्रमण

नयाँदिल्ली, १३ साउन (रासस/सिन्ह्वा) ।

बितेका २४ घण्टामा भारतको विभिन्न भागमा २० हजारभन्दा बढी कोभिड-१९ सङ्क्रमण पुष्टि भएको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार जनाएको छ । यस समयमा २० हजार ४०९ थप व्यक्तिमा कोरोना देखिएपछि भारतमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ३९ लाखमा ७९ हजार सात सय ३० पुगेको छ । देशभर एक लाख ४३ हजार नौ सय ८८ सक्रिय सङ्क्रमित छन् ।

पछिल्लो एक दिनको अवधिमा १९ हजार दुई १६ सङ्क्रमणमुक्त भएका छन् । योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३२ लाख ८६ हजार सात सय ८७ पुगेको छ । कोरोना सङ्क्रमणबाट पछिल्लो एकदिनमा ४७ जनाको मृत्यु भएको छ । यो सँगै कोरोनाबाट पाँच लाख २६ हजार दुई सय ५८ जनाको मृत्यु भएको छ ।

महामारी शुरु भएयता ८७ करोड ४० लाखभन्दा बढीको परीक्षण गरिएको छ । सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ । अभियानअन्तर्गत हालसम्म दुई अर्ब मात्राभन्दा बढी खोप लगाइएको छ ।

### पाकिस्तानमा बाढी पहिरोका कारण दुई महिनामा ३५७ जनाको मृत्यु

इस्लामावाद, १३ साउन (रासस/सिन्ह्वा) ।

पाकिस्तानमा यस वर्ष मनसुन सुरु भएदेखि अहिलेसम्म वर्षापछिका विभिन्न घटनामा परी कम्तीमा तीन सय ७५ जनाको मृत्यु भएको छ । वर्षाका कारण पाकिस्तानमा बाढी, पहिरो, डुबानलगायतका घटना भएका छन् । ती घटनामा परी उनीहरूको मृत्यु भएको हो । ती घटनाका कारण अरु चार सयभन्दा बढी घाइते भएका छन् । उनीहरूलाई विभिन्न अस्पतालमा उपचार गराइएको छ । पाकिस्तानमा यस वर्षको मनसुन गत जुन १ देखि सुरु भएको मानिएको छ भने अधिकांश ठूला घटना जुन १४ देखिए भएका छन् ।

राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणले बिहीबार सार्वजनिक गरेको विवरणानुसार मानवीय क्षतिवाहेक पाकिस्तानमा भौतिक क्षति पनि धेरै भएको छ । क्षतिको विवरण हेर्दा देशभरि नै क्षति भएको देखिएको छ । मनसुन अझै नरोकिएकाले क्षति पनि अझै धेरै हुने अनुमान गरिएको छ । प्राधिकरणले २३ हजार सात सय ९२ घरमा पूर्ण तथा आङ्शिक क्षति भएको जनाएको छ । सडक, सञ्चार, विद्युत, सार्वजनिक भवनहरूलगायतमा पनि क्षति पुगेको छ । प्रधानमन्त्री शाहबाज शरिफले बिहीबार ट्वीट गर्दै पाकिस्तानले जलवायु परिवर्तनले पार्ने असर भोगिरहेको उल्लेख गर्नुभएको छ । उहाँले त्यस चुनौतीलाई सामाना गर्न तत्काल सबैले सामूहिक प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

# शिक्षाको गुणस्तर सुधारमा ध्यान दिन सांसदको माग

काठमाडौं, १३ साउन (रासस)।
सांसदहरुले शिक्षामा रहेका विभिन्न किसिमका समस्या समाधान गरेर शैक्षिक गुणस्तर सुधारमा लाग्नुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ। प्रतिनिधिसभाको शुक्रबारको बैठकमा शून्य समयमा बोल्दै सांसदहरुले समग्र विकासका लागि पहिले शिक्षामा सुधार गर्नुपर्ने औँल्याउनुभएको हो।

सांसद नारायणप्रसाद खतिवडा अहिले एसइई परीक्षामा सामुदायिक र निजीमा फरक नतिजा देखिएकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारेर आगामी वर्ष राम्रो नतिजा ल्याउनुपर्नेमा जोड दिनुभयो। सांसद पार्वतीकुमारी विसुङ्खेले सरकारले इसिडिका सहजकर्तालै तोकिएको तलब नपाएकाले त्यसमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद डा डिला सङ्ग्रौलाले गुणस्तरिय नर्सिङ सेवामा सम्झौता नहुने गरी नर्सिङ अध्ययनको वातावरण बनाउन माग गर्नुभयो। सांसद दुर्गाबहादुर राउतले शिक्षामा परिवर्तन नहुँदासम्म अरु परिवर्तन अवरोध हुने भन्दै शिक्षामा विभेदिकरण रोकिनुपर्नेमा जोड दिनुभयो। सांसद टेकबहादुर बस्नेतले राप्ती राजमार्गमा बजेट नै नपर्ने र परेको बजेट कार्यान्वयन नभएको भन्दै काम नगर्ने व्यवसायीलाई कारबाहीको माग गर्नुभयो।

सांसद दिलकुमारीले लोक सेवाले मधेसका लागि जनशक्ति माग नगर्दा स्थानीय तहमा करारमा कर्मचारी रहेकाले भर्ना प्रक्रिया अघि बढाउन माग गर्नुभयो। सांसद दिव्यमणि राजभण्डारीले यो अधिवेशनमा महत्वपूर्ण विधेयक पास भए पनि राष्ट्रियसभामा उत्पत्ति भएका महत्वपूर्ण विधेयक रोकिनुको कारणबारे जिज्ञासा राख्नुभयो।

सांसद नरबहादुर धामीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका कारण घरबारविहीन स्थानीयवासीको समस्या समाधानका लागि धेरै कार्यदल बने पनि समाधान नभएकाले नागरिकलले दुःख पाइरहेको बताउनुभयो। सांसद नरमाया ढकालले प्रतिनिधिसभाको कार्यकाल सकिन लाग्दा पनि निर्वाचित सांसद रेसमलाल चौधरी जेलमा रहेको भन्दै दोषीलाई कारबाही गरेर निर्दोषलाई न्यायको माग गर्नुभयो।

सांसद निरुदेवी पालले निर्मला पन्तको बलत्कारपछि हत्या गर्ने अपराधीलाई सरकारले कठघरामा ल्याउनुपर्ने र महिला हिंसाका घटनामा गम्भीर हुनुपर्ने बताउनुभयो। सांसद नवराज सिलवालले ललितपुरको माल्टामा ५० वर्षका लागि पुग्ने सिमेन्टको निर्माण सामग्री रहेकामा निजी कम्पनीले सस्तोमा जग्गामा लिएर काम नगरेकाले सरकारले त्यो स्वामित्व लिनुपर्ने औँल्याउनुभयो।

# डा भट्टराई पक्षबाट नेपाल समाजवादी पार्टी दर्ता

काठमाडौं, १३ साउन (रासस)।
जनता समाजवादी पार्टी (जसपा) नेपालबाट अलगिएको डा बाबुराम भट्टराई पक्षले निर्वाचन आयोगमा नयाँ दल दर्ता गराएको छ। सो समूहले बिहीबार निर्वाचन आयोगमा नेपाल समाजवादी पार्टी दर्ता गराएको हो।

आयोगमा यसअघि दर्ता भएको समावेशी लोकतान्त्रिक पार्टीको नाम परिवर्तन गरी नेपाल समाजवादी पार्टी दर्ता गरिएको डा भट्टराई निकट नेता रमेश पोखरेलले जानकारी दिनुभयो। "यसअघि आयोगमा दर्ता रहेको समावेशी लोकतान्त्रिक पार्टीको विधान संशोधन गरेर नेपाल समाजवादी पार्टी बनाइएको छ। सो पार्टीले बिहीबार वैधानिकता पाएको छ", उहाँले भन्नुभयो।

सो पार्टीको निर्वाचन चिह्न आँखा रहेको छ। पार्टीको पहिलो बैठकबाट पदाधिकारी टुङ्ग्याउने उहाँले बताउनुभयो। "एक/दुई दिनमै पार्टीको बैठक बस्छ, त्यसले नेतृत्वसहित पदाधिकारीको टुङ्गो लगाउँछ", नेता पोखरेलले भन्नुभयो।

# मन्त्रालयले भन्यो, वैदेशिक रोजगारीमा ठगिएका सम्पर्कमा आउनु

काठमाडौं, १३ साउन (रासस)।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका अनियमितता एवं गैरकानूनी क्रियाकलाप नरोके हदैसम्मको कारबाही गरिने जनाएको छ।

वैदेशिक रोजगारीका नाममा नेपाली युवासँग चर्को रकम असुल्ने गरेको, रकम लिएर विदेश नपठाएको, विदेशमा अलपत्र पारेकोलगायत विषयलाई सरकारले सुक्ष्मरुपमा अनुसन्धान गरिरहेको जनाउँदै मन्त्रालयले त्यस्ता गतिविधिमा संलग्न नहुन आग्रह गरेको हो।

वैदेशिक रोजगारीका सिलसिलामा गैरकानूनी एवं अमर्यादित क्रियाकलाप न्यूनीकरण गर्न मन्त्रालय र विभागबाट सुक्ष्म अनुगमन र अनुसन्धान भइरहेको जनाउँदै मन्त्रालयले वैदेशिक रोजगारीका क्षेत्रमा देखापरेका अनियमितता एवं गैरकानूनी क्रियाकलाप तुरुन्त नरोकेमा हदैसम्मको कारवाही हुने जनाएको छ।

मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले बिहीबार एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगारीका सन्दर्भमा ठगीमा परेका, तोकिएभन्दा बढी पैसा दिन बाध्य पारिएका तथा विदेशमा अलपत्र परेका व्यक्तिलाई तत्काल सरकारको सम्पर्कमा आउन आग्रह गर्नुभएको छ।

केही दिनयता नेपाली नागरिकलाई प्राप्त हुने वैदेशिक रोजगारीको सङ्ख्या बढिरहेका सन्दर्भमा श्रम स्वीकृतिका लागि आवेदन गर्नेको सङ्ख्यामा समेत वृद्धि हुँदा ठगी बढिरहेको मन्त्रालयले जनाएको छ।

प्रचलित वैदेशिक रोजगार ऐन, २०६४ अनुरुप नेपाली नागरिकलाई विदेशबाट प्राप्त हुने रोजगारीमा मूलतः शून्य लागतको नीति अनुशरण भएको हुनुपर्नेमा सो नीतिको पूर्ण परिपालना नगरेको, तोकेभन्दा बढी सेवा शुल्क र अन्य गैरकानूनी तवरबाट रकम लिइएको पाइएको उहाँले जनाउनुभयो।

प्रवक्ता घिमिरेले अस्वाभाविक पैसा असुलेर त्यसको कुनै प्रमाण नदिएको, भिडियो बनाएर कुनै पदको शुल्क लिएको छैन भनी जबर्जस्ती भन्न लगाएको, स्वास्थ्य परीक्षण गर्दा सम्बन्धित व्यक्ति उपस्थित नभए पनि ठूलो रकम असुलेर निरोगिताको प्रमाणपत्र दिने गरेको, विदेश जानुपूर्व अनिवार्यरुपमा सहभागी हुनुपर्ने पूर्वप्रस्थान अभिमुखीकरणमा अनुपस्थित व्यक्तिलाई समेत उपस्थित भएको, असान्दर्भिक नाम दर्ता गराएको लगायतका उजुरी प्राप्त भएको बताउनुभयो। ती उजुरीको अनुसन्धान गरी दोषीमाथि कारवाहीको तयारी भइरहेको उहाँको भनाइ छ।

# सिरहामा विद्युत् चुहावट सात प्रतिशत घट्यो

लहान, १३ साउन (रासस)।
सिरहामा विद्युत् चुहावट सात प्रतिशतले घटेको छ। विद्युत् चुहावट नियन्त्रण अभियान सञ्चालन भएपछि आर्थिक वर्ष २०७८/७९ मा सिरहाको लहान क्षेत्रमा विद्युत् चुहावटमा कमी आएको हो। एक हजार ९७२ नयाँ ग्राहक थपिएका छन्।

विद्युत् प्राधिकरण वितरण केन्द्र लहानले चुहावट नियन्त्रणका लागि अभियान सञ्चालन गरेपछि चुहावट घटेर २५ प्रतिशतमा झरेको हो। गत आर्थिक वर्ष २०७७/७८ मा ३२ प्रतिशत विद्युत् चुहावट हुँदै आएकामा आव २०७८/७९ मा विद्युत् चुहावट २५ प्रतिशतमा झरेको विद्युत् प्राधिकरण बितरण केन्द्र लहानका प्रमुख जितेन्द्रकुमार यादवले जानकारी दिनुभयो।

यस्तै आव २०७८/७९ मा विद्युत्को महसुल नबुझाउने एक हजार ७९४ ग्राहकको विद्युत् लाइन काट्दा एक हजार ३५४ ग्राहकबाट रु पाँच करोड दुई लाख ६७ हजार बाँकी बक्यौता रकम असुली भएको प्रमुख यादवको भनाइ छ। त्यस्तै केन्द्रले सो अवधिमा हुकिङ गरी विद्युत् चुहावट गर्ने २१ जनालाई पक्राउ गरी जरिवानाबापत रु १६ लाख ४१ हजार राजस्व सङ्कलन गरेको जनाएको छ। सो क्रममा ७९ विद्युत् उपकरणसमेत बरामद गरिएको प्रमुख यादवले बताउनुभयो।

त्यस्तै विद्युत् मिटरबाट विद्युत् चोरी गर्ने १५ जनामाथि कारबाही गरी रु २१ लाख १७ हजार राजस्व सङ्कलन गरिएको केन्द्रले जनाएको छ। रिकनेक्सन दस्तुरबापत रु नौ लाख ८५ हजार राजस्व सङ्कलन भएको यादवले जानकारी दिनुभयो। आव २०७८/७९ मा एक हजार नौ सय ७२ ग्राहक थपिएका छन्। योसँगै लहान क्षेत्रमा ग्राहकको सङ्ख्या ६५ हजार तीन सय २४ पुगेको छ। यसअघि आव २०७७/७८ वितरण केन्द्रले रु एक करोड ५० लाख राजस्व सङ्कलन गरेको थियो।

# पाँच ७७ जनामा कोरोना संक्रमण पुष्टी, दुईको मृत्यु

काठमाडौं, १३ साउन (रासस)।
देशभर पछिल्लो २४ घण्टामा थप ५ सय ७७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने दुई जनाको मृत्यु भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय चार हजार २ सय ८२ जनाको परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो।

योसँगै नेपालमा पिसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या हालसम्म नौ लाख ८५ हजार ८०८ पुगेको छ। एन्टिजेन विधिबाट गरिएको परीक्षणमा संक्रमितको संख्या एक लाख ४२ हजार ३ सय ६३ रहेको छ। पछिल्लो समय थप २६९ जना संक्रमणमुक्त भएका छन्।

त्यसैगरी पछिल्लो समय २८ हजार २ सय ५६ जनाले खोप लगाएका छन्। हाल सक्रिय संक्रमितको संख्या चार हजार ३ सय ५६ रहेको छ। जसमध्ये होमआइसोलेशनमा चार हजार २०३, संस्थागत आइसोलेशनमा १५३, आइसीयूमा ३४ र भेन्टिलेटरमा पाँचको उपचार भइरहेको छ।

# निर्वाचनको मिति घोषणा गर्न माग

मोरङ, १३ साउन (रासस)।
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले अविलम्ब संसदीय चुनावको मिति घोषणा गर्न माग गर्नुभएको छ।

विराटनगरमा शुक्रबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले सङ्घीय संसद् र प्रदेशसभा सदस्य पदका लागि मङ्सिरमा निर्वाचन गर्न र निर्वाचनको मिति अविलम्ब घोषणा गर्न माग गर्नुभएको हो।

अध्यक्ष लिङ्देनले एक प्रश्नको जवाफमा अध्यक्ष लिङ्देनले मुलुकको परराष्ट्र नीति सन्तुलनमा राख्न असंलग्न परराष्ट्र नीतिका आधारमा अघि बढ्न सुझाव दिनुभयो।


दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन्।

त्यसैले:

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं।
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिऔं।
- पानीलाई पीयुष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*